# वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना:** वैयक्तिक ज्ञान, सीप, रुची र क्षमतालाई बजारको आवश्यकतासँग आवद्धता गरी विद्यार्थी, युवा तथा कामदारलाई दिगो र मर्यादित मार्ग अवलम्बनका लागि प्रदेश, स्थानीय तह तथा विद्यालयस्तरमा वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन गर्न आवश्यक भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कामदार" भन्नाले उद्योग, व्यवसायको उत्पादन वा सेवा प्रदान गर्ने कार्य तथा त्यस्तो कार्यसँग सम्बन्धित अन्य कुनै आकस्मिक काम गरे बापत पारिश्रमिक दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्छ।

(ख) "कार्यान्वयन समिति" भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ग) "निर्देशक समिति" भन्नाले दफा ७ बमोजिम गठित समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "युवा" भन्नाले उच्च शिक्षा वा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम हासिल गर्ने वा रोजगारीको खोजीमा रहेका युवा सम्झनु पर्छ।

(च) "रोजगार सेवा केन्द्र" भन्नाले कर्णाली प्रदेशभित्रका स्थानीय तह अन्तर्गत सञ्चालनमा रहेका रोजगार सेवा केन्द्र सम्झनु पर्छ।

(छ) "लक्षित वर्ग" भन्नाले युवा, विद्यार्थी, कामदार, वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति वा आप्रवासी कामदार सम्झनु पर्छ।

(ज) "विद्यार्थी" भन्नाले कक्षा आठ वा सोभन्दा माथि अध्ययनरत विद्यार्थी सम्झनु पर्छ।

(झ) "विद्यालय वा शैक्षिक संस्था" भन्नाले सामुदायिक विद्यालय, संस्थागत विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस तथा मान्यताप्राप्त तालिम प्रदायक संस्था सम्झनु पर्छ।

(ञ) "वृत्ति" भन्नाले आफ्नो ज्ञान, सीप र क्षमताको प्रयोग गरी कुनै पनि नियमित, आयमूलक र जीवनयापन गर्न सकिने पेशा वा व्यवसाय सम्झनु पर्छ।



प्रदेश सचिव

(ट) "**वृत्ति पुस्तिका**" भन्नाले वृत्तिको बारेमा विस्तृत रुपमा तयार गरिएको पुस्तिका सम्झनु पर्छ।

(ठ) "**वृत्ति मार्गनिर्देशन सहजकर्ता**" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नको लागि तोकिएको व्यक्ति सम्झनु पर्छ।

(ड) "**वृत्ति मार्गनिर्देशन सेवा**" भन्नाले युवा, विद्यार्थी, कामदार वा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई वृत्ति मार्गनिर्देशनको लागि प्रदान गरिने सेवा सम्झनु पर्छ।

(ढ) "**वृत्ति मार्गनिर्देशन शिक्षक**" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा प्रशिक्षक प्रशिक्षण तालिम लिएका शिक्षक सम्झनु पर्छ।

(ण) "**सेवा केन्द्र**" भन्नाले मन्त्रालय वा अन्तरगतको निकाय, स्थानीय तह वा विद्यालयमा वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न तोकिएको वा स्थापना गरिएको इकाइ वा केन्द्र सम्झनुपर्छ।

(त) "**स्थानीय संघ/संस्था**" भन्नाले स्थानीय तहमा सञ्चालनमा रहेका स्वयंसेवामुलक वा सेवामुलक संस्था सम्झनु पर्छ।

(थ) "**स्थानीय तह**" भन्नाले कर्णाली प्रदेशभित्रका गाउँपालिका र नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२
## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी व्यवस्था

३. वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनः (१) मन्त्रालयले मन्त्रालय वा मातहतको निकायमा सेवा केन्द्र तोकी वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन गर्न सक्नेछ।

(२) स्थानीय तह र विद्यालयले आवश्यकता अनुसार सेवा केन्द्र तोकी वा स्थापना गरी वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन गर्न सक्नेछन्।

(३) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन गर्ने निकायले मन्त्रालयमा सम्पर्क गर्नु पर्नेछ।

(४) मन्त्रालय, स्थानीय तह र विद्यालयले वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन र व्यवस्थापनका लागि आवश्यकता अनुसार संयोजक र सहजकर्ता तोक्न वा नियुक्त गर्न सक्नेछन्।

४. वृत्ति मार्गनिर्देशन अन्तर्गत प्रदान गरिने सेवाः सेवा केन्द्रले लक्षित वर्गको शिक्षा, ज्ञान, सीप तथा सिकाईलाई श्रम बजारसँग आबद्ध हुनको लागि देहायका सेवाहरू प्रदान गर्नेछः-

(क) रुची, खुबी र क्षमता अनुरुपको विषय वा पेशा अवलम्बन गर्नको लागि वृत्ति जाँच सेवा,

(ख) शैक्षिक संस्था, पेशा र श्रम बजार सम्बन्धी जानकारी तथा परामर्श सेवा,

(ग) वृत्ति, सीप, रोजगारी सम्बन्धी सूचनामूलक सामग्रीको उत्पादन, प्रसारण, प्रकाशन र वितरण सम्बन्धी सेवा,

(घ) विद्यार्थी वा युवालाई साधारण, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम सम्बन्धी परामर्श सेवा,

प्रदेश सचिव

(ङ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रिया तथा क्षमता विकास सम्बन्धी सेवा,

(च) विद्यालय देखि कामसम्मको तयारीको लागि विभिन्न जानकारीमूलक सेवा,

(छ) तनाव व्यवस्थापन, मानसिक तथा मनोसामाजिक स्वास्थ्य सम्बन्धी सूचनामूलक सेवा,

(ज) जीवन उपयोगी सीप सम्बन्धी अभिमुखीकरण तथा प्रशिक्षण सेवा।

५. सेवा प्रवाहको प्रक्रियाः वृत्ति मार्गनिर्देशन सेवा प्रवाहको प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) लक्षित वर्गलाई प्रदान गरिने सेवाको पहिचान गर्ने,

(ख) लक्षित वर्गको रुची, खुबी, सीप तथा वृत्ति पहिचान गर्ने,

(ग) सेवा प्रदान गर्ने विधि र पद्धतिको पहिचान तथा विकास गर्ने,

(घ) सेवा प्रदान गर्दा आचारसंहिता तथा मापदण्ड अवलम्बन गर्ने।

६. सेवा लिने प्रक्रियाः (१) लक्षित वर्गले वृत्ति मार्गनिर्देशन सेवा लिनको लागि सेवा केन्द्रमा भौतिक रूपमा उपस्थित भई वा विद्युतीय माध्यममार्फत् निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएको सात दिनभित्र सेवा केन्द्रले सेवा प्रदान गर्नु पर्नेछ।

(३) विद्यालय वा स्थानीय तहको सेवा केन्द्रले अन्य सेवा केन्द्र वा विषय विज्ञबाट सहयोग लिन सक्नेछन्।

(४) सेवा केन्द्रले विद्युतीय माध्यमबाट प्राप्त भएका निवेदनहरू परामर्श सेवा प्रदान गर्नको लागि पायक पर्ने सेवा केन्द्रमा लेखी पठाउन सक्नेछ।

(५) सेवा केन्द्रले विभिन्न निकायबाट आयोजना गरिने वृत्ति मार्गनिर्देशन तथा रोजगार मेलाहरूमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

## परिच्छेद-३
## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

७. निर्देशक समितिको गठनः (१) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई मार्गनिर्देशन गर्नको लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | - संयोजक |
| (ख) निर्देशक, शिक्षा विकास निर्देशनालय | - सदस्य |
| (ग) निर्देशक, मानव संशाधन विकास केन्द्र | - सदस्य |
| (घ) निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद्को कार्यालय, कर्णाली प्रदेश | - सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत, मन्त्रालय रहेको स्थानीय तह | - सदस्य |
| (च) संयोजकले मनोनित गरेको गैरसरकारी संघसंस्थाको एकजना प्रतिनिधि | - सदस्य |

(छ) संयोजकले मनोनित गरेको निजी क्षेत्रको एकजना महिला सहित दुईजना प्रतिनिधि - सदस्य

(ज) संयोजकले मनोनित गरेको स्थानीय तहको शिक्षा हेर्ने अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(झ) प्रमुख, शैक्षिक विकास महाशाखा, मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (२) को खण्ड (च), (छ) र (ज) बमोजिम मनोनित सदस्यको पदावधी दुई वर्षको हुनेछ।

(३) निर्देशक समितिले आवश्यकताअनुसार विद्यालय, शैक्षिक संस्थाका प्रतिनिधि तथा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) निर्देशक समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

८. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>: निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशक सेवा सञ्चालनको ढाँचा र स्वरूप सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ख) स्रोत परिचालनको लागि स्थानीय तह, गैरसरकारी संघसंस्था तथा निजीक्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(ग) प्रदेशभित्र सञ्चालन हुने वृत्ति मार्गनिर्देशन सेवाको लागि सरोकारवालाबीच आवश्यक समन्वय र सहकार्य गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन तथा मूल्याङ्कन गर्ने।

९. <u>कार्यान्वयन समितिः</u> (१) स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि देहाय बमोजिमको एक कार्यान्वयन समिति रहनेछः-

(क) नगरपालिकाको प्रमुख वा गाउँपालिकाको अध्यक्ष -संयोजक

(ख) सामुदायिक माध्यमिक विद्यालय/प्राविधिक शिक्षालयको प्रधानाध्यापक वा प्राचार्यमध्येबाट कार्यान्वयन समितिको संयोजकले मनोनयन गरेको एकजना -सदस्य

(ग) सामुदायिक माध्यमिक विद्यालयको वृत्ति मार्गनिर्देशन शिक्षक मध्येबाट कार्यान्वयन समितिको संयोजकले मनोनयन गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) सम्बन्धित स्थानीय तहको रोजगार संयोजक -सदस्य

(ङ) स्थानीय युवा विकास क्षेत्रमा क्रियाशील संघसंस्थामध्येबाट कार्यान्वयन समितिको संयोजकले मनोनयन गरेको एकजना प्रतिनिधि सदस्य -

प्रदेश सचिव

(च) प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा, सम्बन्धित स्थानीय तह -सदस्य-सचिव

(२) उपदफा (२) को खण्ड (ख), (ग) र (ङ) बमोजिम मनोनीत सदस्यको पदावधी दुई वर्षको हुनेछ।

(३) कार्यान्वयन समितिको प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम क्षेत्र र वृत्ति मार्गनिर्देशन सेवामा क्रियाशील संघसंस्थाको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(४) कार्यान्वयन समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

१०. <u>कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार</u>ः कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सेवाको योजना तर्जुमा गर्ने,

(ख) विद्यालयमा वृत्ति मार्गनिर्देशन एकाई स्थापना, व्यवस्थापन तथा अभिमुखीकरण कार्यको लागि सहजीकरण गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवा तथा कार्यक्रमको विस्तारको लागि आवश्यक स्रोत तथा जनशक्तिको व्यवस्थापनको लागि सहजीकरण गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि सरोकारवालाबीच आवश्यक समन्वय र सहकार्य गर्ने,

(ङ) विद्यार्थी तथा युवालाई वृत्ति मार्गनिर्देशन सम्बन्धी कार्य सञ्चालन गर्न सहजीकरण गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन तथा मूल्याङ्कन गर्ने।

११. <u>वृत्ति मार्गनिर्देशन संयोजकको काम कर्तव्य र अधिकार</u>ः दफा ३ को उपदफा (४) बमोजिमको संयोजकको काम, कर्तव्य, र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवाको संयोजन गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने विज्ञहरूको रोष्टर सूची तयार पार्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवा प्राप्त गर्ने लक्षित वर्गको विवरण संकलन तथा अद्यावधिक गर्ने,

(घ) प्रशिक्षक प्रशिक्षण लगायतका तालिम सञ्चालनका लागि आवश्यक व्यवस्थापन गर्ने,

(ङ) स्थानीय तह, रोजगार सेवा केन्द्र, उद्योग र शैक्षिक संस्थासँग समन्वय गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित सूचना, तथ्याङ्क तथा अभिलेख अद्यावधिक गरी राख्ने,

(छ) वृत्ति मार्गनिर्देशन सम्बन्धी तालिममा सहभागी हुने र सहजीकरण गर्ने,

(ज) विद्यालयमा सञ्चालन हुने वृत्ति मार्गनिर्देशन कार्यक्रमहरूको अनुगमन, निरीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

(झ) वृत्ति मार्गनिर्देशन सम्बन्धी मासिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई पेश गर्ने।

१२. <u>वृत्ति मार्गनिर्देशन सहजकर्ताको काम, कर्तव्य र अधिकार:</u> दफा ३ को उपदफा (४) बमोजिमको सहजकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लक्षित वर्गलाई वृत्ति मार्गनिर्देशन सम्बन्धी परामर्श सेवा दिने,

(ख) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित सम्पूर्ण सूचना, तथ्यांक, अभिलेख अद्यावधिक गरी गोप्य रुपमा राखे व्यवस्था गर्ने,

(ग) संयोजकको काममा सघाउ पुऱ्याउने ।

## परिच्छेद-४

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनसँग सम्बन्धित निकायको भूमिका

१३. <u>मन्त्रालयको भूमिका</u>: वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको योजना तयार गरी आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक पर्ने तथ्याङ्क, सूचना, सञ्चार तथा सिकाई सामग्रीहरूको व्यवस्थापन गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवासम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(च) वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन तथा मूल्यांकन गरी निर्देशन दिने।

१४. <u>शिक्षा विकास निर्देशनालयको भूमिका</u>: वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि शिक्षा विकास निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सहयोग तथा समन्वय गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेशभित्रका स्थानीय तह, शिक्षा विकास समन्वय इकाई र विद्यालयसँग समन्वय, सहकार्य तथा सहजीकरण गर्ने,

(ग) विद्यार्थीको वृत्ति विकास सम्बन्धी विवरणलाई विद्युतीय एकीकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणालीसँग एकीकृत गर्ने गराउने।

१५. <u>मानव संसाधन विकास केन्द्रको भूमिका</u>: वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि मानव संसाधन विकास केन्द्रको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी प्रशिक्षक प्रशिक्षण र पुनर्ताजगी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने,



प्रदेश सचिव

(ख) लक्षित वर्गको रुची, खुबी तथा क्षमताको पहिचानको लागि आवश्यक साधनको निर्माण गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न आवश्यक सामग्रीहरूको अद्यावधिक तथा प्रकाशन गर्ने,

(घ) स्थानीय तह तथा विद्यालयमा रहेका सेवा केन्द्र, विभिन्न प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम शिक्षालयलाई प्राविधिक सहयोग गर्ने,

(ङ) स्थानीय तहबीच समन्वय गरी वृत्ति मार्गनिर्देशन सेवा प्रवाहको लागि सहजीकरण गर्ने,

(च) वृत्ति मार्गनिर्देशन तथा रोजगार मेला सञ्चालन गर्न सहयोग गर्ने।

१६. <u>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्राविधिक, शिक्षालय, विद्यालय वा संघसंस्थाको भूमिकाः</u> वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, प्राविधिक शिक्षालय, विद्यालय वा संघसंस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सहयोग तथा समन्वय गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि सहजीकरण गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवाको दीगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको अवलोकन तथा सिकाईलाई प्रचार-प्रसार गर्ने,

(ङ) निर्देशन पुस्तिका तथा वृत्ति जानकारी पुस्तिकाको आधारमा वृत्ति मार्गनिर्देशन सेवाको बारेमा विद्यार्थी तथा अभिभावकलाई जानकारी गराउने।

१७. <u>सामाजिक विकास कार्यालयको भूमिकाः</u> वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सामाजिक विकास कार्यालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सम्बन्धी सेवा सञ्चालनको लागि सहजीकरण तथा सहयोग गर्ने,

(ख) स्थानीय तहमा रहेका वृत्ति विकास एकाई, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम शिक्षालय तथा वृत्ति मार्गनिर्देशन एकाईलाई प्राविधिक सहयोग गर्ने,

(ग) स्थानीय तहबीच समन्वय गरी वृत्ति मार्गनिर्देशन सेवा प्रवाहको लागि सहजीकरण गर्ने।

१८. <u>आप्रवासी श्रोत केन्द्रको भूमिकाः</u> वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि आप्रवासी श्रोत केन्द्रको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सुरक्षित वैदेशिक रोजगारीको लागि सूचना, परामर्श तथा आवश्यक सेवा प्रदान गर्ने,

(ख) सीप सम्बन्धी जानकारीको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहजीकरण गर्ने,

(ग) वैदेशिक रोजगार लक्षित सीप विकास तालिम सञ्चालन गर्न सहजीकरण गर्ने,



प्रदेश सचिव

(घ) वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका व्यक्तिलाई सामाजिक तथा आर्थिक पुनः एकीकरण सम्बन्धी सूचना तथा परामर्श सेवा प्रदान गर्ने,

(ङ) वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका व्यक्तिलाई आवश्यक सीप तथा व्यवसाय सञ्चालन सीप सम्बन्धी सहजीकरण गर्ने।

१९. स्थानीय तहको भूमिकाः वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ख) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सम्बन्धित सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवामा आवद्ध जनशक्तिलाई क्षमता अभिवृद्धि तालिमको लागि सहयोग गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवालाई दीगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आर्थिक एवम् प्राविधिक सहयोग गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन तथा मूल्याङ्कन गर्ने।

२०. निजी क्षेत्र तथा उद्योग व्यवसायी संघ वा महासंघको भूमिकाः वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि निजी क्षेत्र तथा उद्योग व्यवसायी संघ वा महासंघको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन तथा व्यवस्थापनमा आर्थिक सहयोग तथा समन्वय गर्ने,

(ख) बजारको माग अनुसारको आवश्यक सीप तथा क्षमताको पहिचान गरी जानकारी उपलब्ध गराउने,

(ग) श्रम बजारको अवस्थाको जानकारी तथा अभिमुखीकरणको लागि सहजीकरण गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि विभिन्न उद्योग व्यवसायमार्फत् सहजीकरण गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको आवश्यक सूचना, तथ्याङ्क, सिकाई र असल अभ्यासलाई प्रचार-प्रसार गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वय तथा सहयोग गर्ने।

२१. युवा क्लब वा सञ्जालको भूमिकाः वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि युवा क्लव वा सञ्जालको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा, सिकाई र असल अभ्यासको बारेमा प्रचार प्रसार गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको दीगोपनको लागि सरोकारवालासँग समन्वय गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वय तथा सहयोग गर्ने।

प्रदेश सचिव

## परिच्छेद-५
## विविध

२२. **सेवा शुल्क सम्बन्धी व्यवस्था**: सेवा केन्द्रले वृत्ति मार्गनिर्देशन सेवा (सूचना, परामर्श, तथा अन्य सेवा) उपलब्ध गराए बापत सेवाग्राहीबाट कुनै किसिमको शूल्क लिन पाइने छैन।

२३. **बजेट व्यवस्थापन तथा बजेट प्रवाह संयन्त्र**: (१) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि मन्त्रालयले आवश्यक बजेटको व्यवस्था गर्न सक्नेछ।

(२) मन्त्रालय, स्थानीय तथा विद्यालयले विकास साझेदार तथा निजी संघसंस्थाहरूको सहकार्यमा वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन गर्न सक्नेछन्।

२४. **सम्पर्क व्यक्ति सम्बन्धी व्यवस्था**: (१) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यका लागि मन्त्रालयको शैक्षिक विकास महाशाखा प्रमुख यस कार्यक्रमको सम्पर्क व्यक्ति रहनेछ।

(२) मन्त्रालय मातहतका कार्यालय र सबै स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सम्बन्धी सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

(३) विद्यालयले माध्यमिक तहका वृत्ति मार्गनिर्देशक शिक्षकमध्येबाट एकजना स्थायी शिक्षकलाई वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यका लागि सम्पर्क व्यक्तिका रूपमा तोक्नु पर्नेछ।

२५. **अनुगमन सम्बन्धी व्यवस्था**: मन्त्रालय, शिक्षा विकास निर्देशनालय, मानव संसाधन विकास केन्द्र, स्थानीय तह र निर्देशक समितिले वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्नेछ।

२६. **प्रतिवेदन सम्बन्धमा**: (१) वृत्ति मार्गनिर्देशन सेवा केन्द्रले आफूले सञ्चालन गरेका क्रियाकलापको त्रैमासिक तथा वार्षिक प्रतिवेदन मन्त्रालय र निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) विद्यालय वा रोजगार सेवा केन्द्रमार्फत् हुने कार्यक्रमको त्रैमासिक प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्नेछ।

२७. **बाधा अड्काउ फुकाउने अधिकार**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

प्रदेश सचिव